# प्रेस विज्ञप्ति

## एचआईभीको उच्च जोखिममा रहेका समुहहरुका विचमा गरिएको जैविक तथा व्यवहारिक सर्भिलेन्स सर्वेक्षण आ.व. २०७४/७५ को नतिजा सार्वजनिक कार्यक्रम

## पृष्ठभुमि

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा विभिन्न अनुसन्धान गर्ने संस्थाहरु (इन्ट्रेपिड नेपाल र एन. आई. डी.आर) मार्फत एचआइभीको उच्च जोखिममा रहेका समुहहरु मध्ये पुरुष समलिङ्गी/तेस्रोलिङ्गीहरु, भारतमा काम गरेर फर्केका पुरुष आप्रवासीहरु, भारतमा काम गरेर फर्केका पुरुष आप्रवासीका श्रीमतीहरू, महिला यौन व्यवसायीहरूमा आ.व. २०७४/७५ मा एकीकृत जैविक तथा व्यवहारिक सर्भिलेन्स सर्वेक्षण [Integrated Biological and Behavioral Surveillance (IBBS) Survey] सम्पन्न गरेको छ ।

यो सर्वेक्षणको मुख्य उद्देश्य एचआइभीको उच्च जोखिममा रहेका समुहहरुमा एचआइभी र यौनरोगको व्यापकता दर (Prevalence) को प्रवृति (Trend) र अवस्था पत्ता लगाउनुको साथै उनीहरुमा यौन रोग सम्बन्धी जोखिम व्यवहारहरु पत्ता लगाउनु हो ।

यो सर्वेक्षणका नतिजाहरुले नेपालमा तथ्याङ्कमा आधारित एचआइभीको रोकथामकोलागि नीति, योजना तथा कार्यक्रमहरु तयार/परिमार्जन गरी एचआइभीको व्यापकता दर न्युनिकरण गर्नमा सहयोग गर्नेछ ।

## सर्वेक्षण गरिएका उच्च जोखिममा रहेका समुहको परिचय

**पुरुष समलिङ्गी र तेस्रोलिङ्गी** : सर्वेक्षण गरेको मिति भन्दा १२ महिनाभित्रको समयमा कुनै अर्को पुरुष वा तेस्रोलिङ्गी साथीसंग पैसा वा अन्य कुनै सरसामान लिएर वा नलिईकन गुद्धा वा मुखमैथुन कार्यमा संलग्न भएका पुरुष समलिङ्गी वा तेस्रोलिङ्गीहरुमा सर्वेक्षण गरिएको छ ।

**भारतमा काम गरेर फर्केका पुरुष आप्रवासी** : कम्तिमा ३ महिनाको लागि कामको निमित्त भारत गई ३ वर्ष भित्र घर फर्किएका १८ देखि ४९ वर्ष उमेर भित्रका पुरुषहरुमा सर्वेक्षण गरिएको छ ।

**भारतमा काम गरेर फर्केका पुरुष आप्रवासीका श्रीमती** : १६ वर्ष वा सो भन्दा माथिको उमेरको र उनको श्रीमान् कम्तिमा पनि ३ महिनासम्म कामको शिलशिलामा भारतमा बसेको र गएको तीन वर्षभित्रमा नेपाल फर्केको व्यक्तिको श्रीमती वा विधवाहरुमा सर्वेक्षण गरिएको छ ।

**महिला यौन व्यवसायी** : १६ वर्ष वा सो भन्दा माथिको महिला जसले गत ६ महिना भित्र यौन कार्य गरे वापत रकम वा बस्तु प्राप्त गरेकी छिन्, ती महिलाहरुमा सर्वेक्षण गरिएको छ ।

## सर्वेक्षण गरिएका स्थान र उच्च जोखिममा रहेका समुहहरुको नमुना संख्या

| क.स | जोखिममा रहेका समुह | स्थान /जिल्लाहरु | नमुना संख्या (जना) |
|---|---|---|---|
| १ | पुरुष समलिङ्गी र तेस्रोलिङ्गी | झापा, मोरंग, सुनसरी, कैलाली, कंचनपुर, नवलपरासी, रुपन्देही, कपिलवस्तु | ३४० |
| २ | भारतमा काम गरेर फर्केका पुरुष आप्रवासी | झापा, मोरंग, सुनसरी, धनकुटा, इलाम, पांचथर | ६३० |
| ३ | भारतमा काम गरेर फर्केका पुरुष आप्रवासीका श्रीमती | अछाम, डोटी, कैलाली, कंचनपुर | ४०० |
| ४ | महिला यौन व्यवसायी | झापा, मोरंग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, धादिंग, ,मकवानपुर, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुर | ६१० |

# प्रेस विज्ञप्ति

## एचआईभीको उच्च जोखिममा रहेका समुहहरुका विचमा गरिएको जैविक तथा व्यवहारिक सर्भिलेन्स सर्वेक्षण आ.व. २०७४/७५ को नतिजा सार्वजनिक कार्यक्रम

## सर्वेक्षण नतिजा सांराश

| क.स | सुचकहरु | पुरुष समलिङ्गी/तेस्रोलिङ्गीहरु | भारतमा काम गरेर फर्केका पुरुष आप्रवासीहरु | भारतमा काम गरेर फर्केका पुरुष आप्रवासीका श्रीमतीहरू | महिला यौन व्यवसायीहरू |
|---|---|---|---|---|---|
| १ | एचआइभीको व्यापकता (Prevalence) दर | ८.२% | ०.३% | ०.५% | ०.७% |
| २ | सक्रिय भिरिङ्गी व्यापकता (Prevalence) दर | २.४% | | | १.६% |
| ३ | अन्तिम ग्राहक/यौन साथी संगको कण्डम प्रयोग दर | ५७.९% | ५८.४%* | ५७.६% | ६७.७% |
| ४ | एच.आइ.भि. का मुख्य पाँच कुरा गलत धारणा सम्बन्धि (BCDEF) को ज्ञान | ३८.२% | १३.८% | १५.९% | २७.४% |
| ५ | गत एक वर्ष भित्र एच.आइ.भि. परामर्श तथा परिक्षण केन्द्रमा सेवा लिएका | ४४.१% | ५.६% | ६.०% | ३१.३% |

*भारतका महिला यौनकर्मीहरु संग

## एचआइभीको व्यापकता दरको अवस्था








**थप जानकारीको लागि :**

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र , टेकु, काठमाण्डौ

९७७-१-४२६१६५३, ४२६२७५३, ४२५८२१९

ईमेल: data@ncasc.gov.np

वेबसाइट: www.ncasc.gov.np